नेपाल सरकार
# रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

## प्रेस विज्ञप्ति

आज मिति २०८२ माघ २९ गते रक्षा मन्त्रालयका सचिव श्री केदारनाथ शर्माको अध्यक्षतामा मन्त्रालय, नेपाली सेना र सो अन्तर्गत विभिन्न निकायबाट चालु आर्थिक वर्ष २०८२/८३ मा सञ्चालित विभिन्न विकास आयोजना तथा कार्यक्रमहरूको दोस्रो त्रैमासिक अवधिसम्मको प्रगति समीक्षा तथा मन्त्रालयस्तर विकास समस्या समाधान समितिको बैठक सम्पन्न भयो। समीक्षा बैठकमा रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूबाट चालु आर्थिक वर्षको दोस्रो त्रैमासिक अवधिसम्म सञ्चालन भइरहेका कार्यक्रम तथा विकास आयोजनाहरूको हालसम्मको प्रगति स्थितिबारे अद्यावधिक जानकारी प्रस्तुत हुनुका साथै आयोजना कार्यान्वयनमा देखिएका समस्या र चुनौतीहरूबारे पनि छलफल भएको थियो।

समीक्षा बैठकमा यस अवधिमा राष्ट्रिय सुरक्षा परिषद्को दुईवटा बैठक सम्पन्न भई सुरक्षासम्बन्धी विभिन्न निर्णयहरू गरिएको, राष्ट्रिय सुरक्षा परिषद्को आठौं वार्षिक प्रतिवेदन तयार गरी सम्माननीय राष्ट्रपतिज्यू समक्ष पेस गरिएको, सम्बन्धित मन्त्रालयहरूको सहयोगमा राष्ट्रिय सुरक्षा नीतिको प्रभावकारी कार्यान्वयन गरिएको, राष्ट्रिय सेवा दलको नयाँ ऐनको मस्यौदा तयार गरी सम्बन्धित मन्त्रालयमा राय प्रतिक्रियाको लागि पठाइएको, मन्त्रालयबाट सम्पादन हुने कामकारवाहीलाई पूर्णतः GIOMS प्रणालीबाट सञ्चालन हुनेगरी व्यवस्था मिलाइएको लगायतका विषयहरू प्रस्तुत भएको थियो। यसैगरी, यस अवधिमा सञ्चालित कुल ८ वटा ठुला विकास निर्माण आयोजनाहरूमध्ये नेपाली सेनालाई जिम्मेवारी प्राप्त खाँदवारी-किमाथाङ्का सडक करिडोर, कर्णाली करिडोर, बेनीघाट-आरुघाट-लार्केभञ्ज्याङ, राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय र बङ्कर टु ब्यारेक कार्यक्रम गरी ५ वटाको प्रगति ८०% भन्दा माथि रहेको जानकारी प्रस्तुत भएको थियो। काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना, दार्चुला टिङ्कर (तुषारपानी-टिङ्कर) सडक आयोजना र राष्ट्रिय चुरे संरक्षण कार्यक्रम गरी ३ वटा आयोजनामा चाहिँ विभिन्न कारणहरूले ८०% भन्दा कम प्रगति हासिल भएको जानकारी प्रस्तुत भएको थियो। यस अवधिमा नेपाली सेना अन्तर्गत सञ्चालित विभिन्न ८ वटा आयोजनाहरूमा २७७० जनाले रोजगारी पाएको तथ्य पनि प्रस्तुत भएको थियो।

समीक्षा अवधिमा काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजना अन्तर्गत सुरुबिन्दु खोकना खण्ड लगायतका समस्याग्रस्त क्षेत्रको समस्या समाधानका लागि विभिन्न उच्चस्तरीय अनुगमन/निरीक्षण भई समस्या समाधानका लागि विभिन्न प्रयासहरू गरिएको जानकारी प्रस्तुत भएको थियो। यसैगरी चालु आर्थिक वर्षको पौष मसान्तसम्म सुत्केरी २० जनासहित ३५ जनाको हवाई उद्धार गरिएको, देशका विभिन्न भागमा भएका आगलागी तथा डढेलो नियन्त्रणका लागि १३८९ जना फौज खटिएको, विभिन्न जिल्लामा विविध घटनाहरूमा परेका २७२७ जनालाई उद्धार गरिएको र १८ वटा शव व्यवस्थापन गर्न सहयोग पुऱ्याइएको जानकारी प्रस्तुत भएको थियो। यस अवधिमा विभिन्न जिल्लाका विपद् प्रभावितहरूका लागि नेपाली सेनाबाट विभिन्न राहत/सहयोग उपलब्ध गराइएको तथा विभिन्न स्थानमा रहेका शङ्कास्पद वस्तुहरू डिस्पोज गरिएको व्यहोरा पनि बैठकमा प्रस्तुत भएको थियो। यसैगरी मुलुकका विभिन्न २५ जिल्लाका २९ स्थानमा निःशुल्क स्वास्थ्य शिविरहरू सञ्चालन गरी १३ हजार ८ शय ८७ जनालाई स्वास्थ्योपचार सेवा उपलब्ध गराइनुका साथै ३५२ जनालाई सर्पदंश उपचार सेवा प्रदान गरिएको व्यहोरा प्रस्तुत भएको थियो। समीक्षा बैठकमा नेपाली

नेपाल सरकार
# रक्षा मन्त्रालय

फोन नं.: ४२११२८९, ४२११२८७, ४२११४८७, ४२११२९०, ४२११०९५, ४२११६५३, ४२११२८५, ४२११२९६, ४२०००४४
फ्याक्स नं.: ४२११२९४
सिंहदरवार, काठमाडौं, नेपाल

सेनाबाट प्रकृति संरक्षण र अन्तर्राष्ट्रिय शान्ति स्थापना सम्बन्धमा भए गरेका कार्यहरूबारे पनि विभिन्न विवरण प्रस्तुत भएको थियो।

समीक्षा बैठकमा रक्षा मन्त्रालयका सचिव श्री केदारनाथ शर्माले समीक्षा बैठकमा चालु आ.व.मा सञ्चालित विकास कार्यक्रम तथा आयोजनाहरूको हालसम्मको प्रगति समग्रमा सन्तोषजनक भएको कुरा व्यक्त गर्दै कतिपय आयोजनामा असी प्रतिशतभन्दा कम प्रगति भएकोमा उक्त आयोजनाहरूमा आगामी दिनमा थप प्रगति हासिल गर्नेगरी कार्य सम्पादन गर्न सम्बन्धित आयोजना प्रमुखहरूलाई निर्देशन दिनुभयो। खासगरी राष्ट्रिय गौरवको काठमाण्डौं-तराई/मधेश द्रुतमार्ग सडक आयोजनाको प्रगति विभिन्न कारणले अपेक्षा गरेभन्दा कम भएकोमा आयोजना कार्यान्वयनमा देखिएका समस्यालाई सम्बन्धित सबै निकायहरूसँग छलफल तथा समन्वय गरी आयोजनालाई विनियोजन भएको बजेट अधिकतम सदुपयोग हुनेगरी आयोजनाको कामलाई गति दिन र पूँजीगत खर्चमा उल्लेख्य सुधार हुनेगरी कार्य गर्न उहाँले जोड दिनुभयो। उहाँले सबै आयोजना प्रमुखहरूलाई चालु आर्थिक वर्षको बाँकी अवधिमा निर्धारित लक्ष्य बमोजिमको प्रगति र माइलस्टोन हासिल गर्नेगरी तथा बेरुजु फछ्र्यौटलाई उच्च प्राथमिकतामा राखी कार्य गर्न निर्देशन दिनुभयो।

चालु आर्थिक वर्षको पौष मसान्तसम्म रक्षा मन्त्रालय र अन्तर्गत निकायहरूमा विनियोजित कुल बजेटको ४५.८२ प्रतिशत खर्च भएको छ। यसैगरी चालु आर्थिक वर्षमा फछ्र्यौट गर्नुपर्ने कुल रु. ३ अर्ब ६५ लाख बेरुजुमध्ये ६% प्रगति हासिल भएको छ।

बैठकमा नेपाली सेनाका रथीवृन्द, विभिन्न आयोजना प्रमुखहरूसहित राष्ट्रिय योजना आयोग, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सुरक्षा परिषद्को सचिवालयका प्रतिनिधिहरूले पनि आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

कार्यक्रममा रक्षा मन्त्रालयका योजना तथा अन्तर्राष्ट्रिय सहयोग समन्वय महाशाखाका सहसचिव श्री कृष्ण पौडेलले मन्त्रालय र नेपाली सेना अन्तर्गत चालु आर्थिक वर्षमा सञ्चालित विकास आयोजना तथा कार्यक्रमको हालसम्मको प्रगति स्थिति तथा आयोजना कार्यान्वयनमा देखिएका प्रमुख समस्या तथा चुनौतीहरूबारेमा प्रस्तुतीकरण राख्नुभएको थियो। कार्यक्रमको सञ्चालन मन्त्रालयका योजना तथा सैनिक कल्याण शाखाका उपसचिव श्री प्रेमप्रसाद न्यौपानले गर्नुभएको थियो।

२०८२ माघ २९

(मनोजकुमार आचार्य)
सहसचिव एवं प्रवक्ता